# ललितपुर उप-महानगरपालिका कार्यालय
# पदपूर्ति समितिको सचिवालय

## कार्यक्षमताको मुल्यांङ्कन तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको विज्ञापन सम्बन्धी सूचना

**मिति २०७३।०९।०१**

**सूचना नं. : ०१/०७३/०७४**

ललितपुर उप-महानगरपालिका कार्यालयको रिक्त तपशिलका पदहरुमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ मा भएको व्यवस्था बमोजिम कार्यक्षमताको मुल्याङ्कन तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट बढुवाको लागि पदपुर्ति समितिको मिति २०७३/०८/३० को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। तपशिलमा उल्लेख भए बमोजिम योग्यता पुगेका यस उप-महानगरपालिका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुबाट ललितपुर उप-महानगरपालिका कार्यालय, राजश्व प्रशासन महाशाखाबाट उपलब्ध हुने दरखास्त फाराम रित पूर्वक आफुले भरी प्राप्त गरेका शैक्षिक योग्यता, चारित्रिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै हालसालै खिचेको पासपोर्ट साईजको फोटो समेत संलग्न गरी तोकिए बमोजिमको परीक्षा दस्तुर राजश्व प्रशासन महाशाखामा बुझाई सक्कलै रसिद संलग्न गरी तोकिएको म्याद भित्र ललितपुर उप-महानगरपालिकाको प्रशासन महाशाखामा दरखास्त पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

### १. कार्यक्षमताको मुल्यांङ्कनको आधारमा हुने बढुवा

| क्र.सं. | विज्ञापन नं. | पद, तह, सेवा/समूह/उपसमूह | कार्यक्षमता मूल्याङ्कन |
|---|---|---|---|
| १ | २/०७३/७४ | बरिष्ठ लेखा अधिकृत, अधिकृत स्तर सातौं, प्रशासन/लेखा | १ |
| २ | ३/०७३/७४ | बरिष्ठ इन्जिनियर अधिकृत स्तर सातौं, प्राबिधिक/सिभिल इन्जिनियर | ३ |
| ३ | ४/०७३/७४ | नायब सुब्बा, सहायक स्तर पांचौं, प्रशासन/सामान्य प्रशासन | ७ |
| ४ | ५/०७३/७४ | जुनियर इन्जिनियर, सहायक स्तर पांचौं, प्राबिधिक/सिभिल इन्जिनियर | ८ |
| ५ | ६/०७३/७४ | खरिदार, सहायक स्तर चौथों, प्रशासन/सामान्य प्रशासन | १२ |

**द्रष्टव्य:**

१) स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२८ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ।

२) स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२४ र २२५ बमोजिम एक तह मुनिको सम्वन्धित सेवा समूहको पदमा अधिकृत स्तरको हकमा कम्तीमा ५ बर्ष र सहायक स्तरको हकमा ३ बर्ष काम गरेको हुनुपर्ने।

३) दरखास्त फाराम साथ हाल बहालमा रहेको पदको लागि आवश्यक न्युनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, आफु बहाल रहेको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि, सेवाकालीन तालिमको हकमा सेवा समुह सम्बन्धित विषयमा एक महिना वा सो भन्दा बढिको सेवाकालीन तालिमको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

४) दरखास्त फाराम २०७३ माघ ४ गते सम्म बुझाउनु पर्नेछ।

### २. आन्तरिक प्रतियोगितात्मक परीक्षा

| क्र. सं. | विज्ञापन नं. | पद, तह, सेवा/समूह/उपसमूह | माग पद संख्या | लिखित परीक्षा कार्यक्रम मिति र समय | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्धितीय पत्र | तृतीय पत्र |
| १ | ७/०७३/७४ | बरिष्ठ अधिकृत, अधिकृत स्तर सातौं, प्रशासन/सामान्य प्रशासन | १ | २०७३/१२/१ बिहान ८:०० बजे | २०७३/१२/२ बिहान ८:०० बजे | - |
| २ | ८/०७३/७४ | बरिष्ठ इन्जिनियर अधिकृत स्तर सातौं प्राबिधिक/सिभिल इन्जिनियर | १ | २०७३/१२/१ दिउंसो २:०० बजे | २०७३/१२/२ दिउंसो २:०० बजे | - |
| ३ | ९/०७३/७४ | शाखा अधिकृत, अधिकृत स्तर छैठौं प्रशासन / सामान्य प्रशासन | ५ | २०७३/१२/३ बिहान ८:०० बजे | २०७३/१२/४ बिहान ८:०० बजे | २०७३/१२/५ बिहान ८:०० बजे |

**द्रष्टव्य:**

१) परीक्षाको किसिम: लिखित र अर्न्तवार्ता।

२) परीक्षा केन्द्र: पछि तोके बमोजिम हुनेछ।

३) परीक्षा दस्तुर: अधिकृत स्तरको लागी रु.१०००।- (कार्यक्षमताको मुल्यांङ्कन तथा आन्तरीक प्रतियोगितात्मक परीक्षाको लागि) बुझाउनु पर्नेछ।

४) दरखास्त दिने अन्तिम मिति: २०७३ साल पौष २१ गते सम्म। दोब्बर दस्तुर २०७३ साल पौष २८ गते सम्म।

५) अर्न्तवार्ता हुने मिति: लिखित परीक्षाको नतिजा प्रकाशन हुँदा सूचना गरिनेछ।

६) पदमा रहि काम गर्नुपर्ने कामको बिवरण : सेवा समुह सम्बन्धी।

७) तलब: प्रचलित स्केल बमोजिम।

८) आवश्यक न्युनतम शैक्षिक योग्यता:

क) बरिष्ठ अधिकृत सातौं : ललितपुर उप-महानगरपालिका कार्यालय अर्न्तगत प्रशासन सेवाको अधिकृत स्तर छैठौं तहको पदमा स्थायी नियुक्ति भई न्युनतम ५ वर्ष सेवा अवधि पुरा भएको र स्नातक तह उर्त्तीर्ण गरेको।

ख) बरिष्ठ इन्जिनियर सातौं : ललितपुर उपमहानगरपालिका कार्यालय अर्न्तगत प्राबिधिक सिभिल इन्जिनिरिङ्ग सेवाको अधिकृत स्तर छैठौं तहको पदमा स्थायी नियुक्ति भई न्युनतम ५ वर्ष सेवा अवधि पुरा भएको र इन्जिनियर बिषयमा स्नातक तह उर्त्तीर्ण गरेको।

ग) शाखा अधिकृत, छैठौं : ललितपुर उपमहानगरपालिका कार्यालय अर्न्तगत प्रशासन सेवाको नायब सुब्बा सहायक स्तर पांचौ तहको पदमा स्थायी नियुक्ति भई न्युनतम ३ वर्ष सेवा अवधि पुरा भएको र प्रमाण पत्र तह वा सो सरह उर्त्तीर्ण गरेको।

९) अन्य व्यवस्था स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ बमोजिम हुनेछ।

१०) पाठ्यक्रम ललितपुर उप-महानगरपालिका कार्यालयको Website : www.lalitpurmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

**पदपूर्ति समितिको सचिवालय**

**ललितपुर उप-महानगरपालिका कार्यालय**